## सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### ढोरचौर, सल्यान
### कर्णाली प्रदेश, नेपाल

प.स.२०८० । ८१
च.न.

**मिति २०८१/०२/१९ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. गाउँपालिकाको लोगो स्वीकृत गर्ने सम्बन्धमा ।
३. आगामी आव २०८१।८२ को आम्दानी प्राप्ति सम्बन्धमा ।
४. आगामी आव २०८१।८२ को खर्च सिलिङ निर्धारण सम्बन्धमा ।
५. कक्षा ४- ९ को परीक्षा खर्च सम्बन्धमा ।
६. विद्यालय छनौट सम्बन्धमा ।
७. हाल सम्मको खर्च प्रतिबेदन प्रस्तुत ।
८. नगर प्रहरी खर्च सम्वन्धमा ।
९. योजना सिफारिस सम्वन्धमा ।
१०. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

सिद्ध कुमाख गाउँ कार्यपालिकाको चौधौं र पन्ध्रौं बैठकका निर्णयहरु कार्यान्वयन भए/नभएको सम्बन्धमा व्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ गाउँपालिकाको लोगो स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिकाको प्राकृतिक सामाजिक साँस्कृतिक पहिचान झल्किने लोगो निर्माण गर्ने सम्बन्धी प्रकाशित सुचना अनुसार पेश भएका प्रस्तावित लोगोहरुको अन्तिम मुल्याङकन कार्य समाप्त भइ नतिजा पेश भएकोले प्रथम हुने देहायको लोगोलाई स्वीकृत गर्ने र निर्माता सर्जकलाई तोकिएको पुरस्कार प्रदान गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| | निर्माताको नाम थर :- शुशान्त चौधरी<br>ठेगाना :- तुल्सिपुर ११ दाङ |

**प्रस्ताव नं ३ आगामी आव २०८१।८२ को आम्दानी सिमा प्रक्षेपण सम्बन्धमा ।**

**निर्णय नं ३:**

यस सिद्ध कुमाख गाउँपालिकाको आगामी आ व २०८१।८२ का लागि संघिय सरकार र प्रदेश सरकाबाट वित्तिय हस्ताण्तरण मार्फत प्राप्त हुने राजश्व बाँडफाँड बापतको रकम समानीकरण अनुदान र गाउँपालिकाको आन्तरिक आम्दानी गरी जम्मा अनुमानित आयको विवरण देहाय बमोजिम प्रक्षेपण गर्ने निर्णय गरियो ।

| आ.व. : २०८१/८२ | | | |
|---|---|---|---|
| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
| आय | ३०,१०,१६,६४४.३९ | ३६,०८,०८,३२८.०० | १५,४४,८१,३०२.०० |
| राजस्व | ५,९६,२८,३४४.३९ | ११,९३,६३,३२८.०० | ७,४५,२९,३०२.०० |
| आन्तरिक श्रोत | २६,६३,१७४.९२ | ५,२०,००,०००.०० | २९,३०,०००.०० |
| ११९३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १,३१,१५९.५० | | |
| ११३१३ सम्पती कर | | १,५०,०००.०० | ४,००,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | ३,०१,९७२.४४ | ३,५०,०००.०० | ४,००,०००.०० |
| ११३१७ वहाल कर | ३६,८१०.०० | ५०,०००.०० | ०.०० |
| ११३१८ वहाल वटौरी कर | ३,६५०.०० | ५०,०००.०० | ०.०० |
| ११६३१ कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | ०.०० | २०,०००.०० |
| ११६९१ अन्य कर | ३७,३८०.०० | ०.०० | ५०,०००.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,५८,०००.०० | २,००,०००.०० | १,००,०००.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ४,२००.०० | १०,०००.०० | ०.०० |
| १४२२१ न्यायिक दस्तूर | २००.०० | १०,०००.०० | १०,०००.०० |
| १४२२४ परीक्षा शुल्क | ६८,८००.०० | २,००,०००.०० | १,००,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | | ०.०० | १,००,०००.०० |
| १४२४३ सफारिश दस्तुर | ३,६९,४०३.३६ | ४,००,०००.०० | ४,००,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,१२,६५१.०० | १,५०,०००.०० | १,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २५,२७३.५० | ५०,०००.०० | १,००,०००.०० |
| १४२४९ अन्य दस्तुर | | ८०,०००.०० | १,००,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | | ०.०० | १,००,०००.०० |
| १४५११ बीमा दावी प्राप्ति | | ०.०० | ५०,०००.०० |
| १४६११ व्यवसाय कर | ९५,४७०.०० | २,००,०००.०० | ४,००,०००.०० |
| ३२१२२ बैंक मौज्दात | | ५,००,००,०००.०० | ०.०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ५,६९,६५,१६९.४७ | ६,७३,६३,३२८.०० | ७,१५,९९,३०२.०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | | २,००,०००.०० | ०.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४,१६,५१,८५६.८६ | ६,६७,००,१००.०० | ५,१६,१५,२२१.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | १,५३,१३,३१२.६१ | ०.०० | १,८७,४७,३२४.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी | | ४,६३,२२८.०० | ७,९९,३०२.०० |

| | | | |
|---|---|---|---|
| साधन कर | | | |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | | ०.०० | ४,३७,४५५.०० |
| अन्य आय | १३,१८,२०५.१२ | १,००,०००.०० | ५,००,०००.०० |
| १४५२९ अन्य राजस्व | १२,३७,२०५.१२ | | |
| १५१११ बेरूजू | ८१,०००.०० | १,००,०००.०० | ५,००,०००.०० |
| अन्तर सरकारी वत्तीय हस्तान्तरण | २४,०४,३०,८६०.०० | २४,१४,४५,०००.०० | ७,९९,५२,०००.०० |
| संघीय सरकार | २२,४५,७६,९९८.०० | २१,८६,००,०००.०० | ७,२७,००,०००.०० |
| १३३११ समानिकरण अनुदान | ७,३८,१५,०००.०० | ७,१३,००,०००.०० | ७,२७,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १३,२१,७७,९९८.०० | १३,०६,००,०००.०० | ०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,८५,८४,०००.०० | ३७,००,०००.०० | ०.०० |
| १३३१५ वषेश अनुदान पुँजीगत | | ५०,००,०००.०० | ०.०० |
| १३३१७समपुरक अनुदान पुँजीगत | | ८०,००,०००.०० | ०.०० |
| प्रदेश सरकार | १,५८,५३,८६२.०० | २,२८,४५,०००.०० | ७२,५२,०००.०० |
| १३३११ समानिकरण अनुदान | ७२,६२,०००.०० | ७२,६२,०००.०० | ७२,५२,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३,८२,०००.०० | ८०,८३,०००.०० | ०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ८२,०९,८६२.०० | ७५,००,०००.०० | ०.०० |

**प्रस्ताव नं ४ आगामी आव २०८१।८२ को खर्च सिलिङ निर्धारण सम्बन्धमा ।**

**निर्णय नं ४:**

आगामी आ व २०८१।८२ का लागि सिद्ध कुमाख गाउँपालिकामा प्राप्त हुने शशर्त अनुदानको बजेट तोकिएका शशर्त कार्यक्रमहरुमा खर्च हुने र संघिय सरकार तथा प्रदेश सरकारबाट वित्तिय हस्तण्तरणका रुपमा प्राप्त हुने समानिकरण अनुदान राजस्व बाँडफाँड बापतको रकम र आन्तरिक आम्दानी मध्येबाट देहाय बमोजिमको बजेट खर्च सिमा निर्धारण गर्ने निर्णय गरियो ।

| क स | क्षेत्र | बजेट सिमा |
|---|---|---|
| १ | वडा नं १ | रु ३० लाख |
| २ | वडा नं २ | रु २५ लाख |
| ३ | वडा नं ३ | रु २५ लाख |
| ४ | वडा नं ४ | रु २५ लाख |
| ५ | वडा नं ५ | रु २५ लाख |
| ६ | शिक्षा तथा सामाजिक विकास | रु ३५ लाख |
| ७ | स्वास्थ्य तथा सरसफाइ | रु ४० लाख |
| ८ | कृषि विकास कार्यक्रम | रु २० लाख |

| | | |
|---|---|---|
| ९ | पशु सेवा संचालन | रु १५ लाख |
| १० | महिला दलित वालवालिका तथा समावेशी विकास | रु २० लाख |
| ११ | प्रशासनिक तथा कार्यालय संचालन चालु | रु ९ करोड १४ लाख |
| १२ | प्रशासनिक तथा कार्यालय संचालन पुँजिगत | रु २५ लाख |
| १३ | गाउँपालिका तर्फ | रु ३ करोड ४५ लाख ८१ हजार ३०२ |

**प्रस्ताव नं ५ कक्षा ४- ९ को परीक्षा खर्च सम्बन्धमा।**

**निर्णय नं ५:**

गाउँपालिकाको पुर्ण निशुल्क शिक्षाको प्रत्याभुत गर्ने र सम्पुर्ण विद्यालयहरुको लागि आवश्यक खर्च व्यवस्थापन गाउँपालिकाले गर्ने निर्णय बमोजिम शैक्षिक सत्र २०८० मा विद्यालयहरुको बाह्यय परीक्षा संचालन गर्दा पश्न पत्र छपाइ उत्तरपुस्तिका खरिद लगायतमा भएको सम्पुर्ण खर्च हाललाई गाउँपालिकाको चालु तर्फ **मसलन्द तथा कार्यालय सामाग्री खरिद** शिर्षकबाट विल भरपाइका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं ६ विद्यालय छनौट सम्बन्धमा।**

**निर्णय नं ६:**

चालु आव २०८०।८१ को शशर्त बजेट तथा कार्यक्रम अनुसार सामुदायिक विद्यालयहरुबाट प्रस्ताव पेश गर्ने सम्बन्धी गाउँपालिकाको मिति २०८१।०१।१२ गते प्रकाशित सुचना अनुसार रितपुर्वक शिक्षा युवा तथा खेलकुद शाखामा पेश भएका प्रस्ताहरुमा प्राथमिकता क्रमका आधारमा देहायका विद्यालयहरु कार्यक्रम कार्यान्वयनका लागि छनौट गर्ने निर्णय गरियो ।

| विद्यालयको नाम | कार्यक्रम | बजेट |
|---|---|---|
| श्री बाल कल्याण आधारभुत विद्यालय फलाटे | विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन, फिक्सिङ, किताब खरिद तथा इ-पुस्तकालय | रु ६,५०,०००/- |
| श्री सिद्ध माध्यामिक विद्यालय फुलगाँउ भडारे | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | रु ६,५०,०००/- |

**प्रस्ताव नं ७ आय व्ययको प्रतिबेदन सम्बन्धमा।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको चालु आव २०८०।८१ को हाल सम्मको आम्दानी र खर्चको प्रतिबेदन बैठकमा पेश भई व्यापक छलफल सहित अनुमोदन गरियो ।

**प्रस्ताव नं ८ नगर प्रहरी खर्च सम्बन्धमा।**

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिका द्वारा नियुक्त भइ प्रहरी तालिम केन्द्र नेपालगंजमा प्रशिक्षण लिइरहेका नगर प्रहरीहरुको प्रशिक्षण खर्च, पोशाक खरिद खर्च, तालिम समापन खर्च लगायतका सबै खर्च विल भरपाइको आधारमा कार्यालयको सम्वन्धित शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं ९ योजना सिफारिस सम्बन्धमा।**

**निर्णय नं ९:**

क. सिद्ध कुमाख गाउँपालिका अन्तर्गत आगामी आव २०८१/८२ का लागि कार्यान्वयन हुने गरी देहायका कृषि सडकहरुलाई कर्णाली प्रदेश कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | कृषि सडकको नाम | कार्यान्वयन हुने वडा | अनुमानित बजेट |
|---|---|---|---|
| १ | उचाल्ने करेङ्गी कृषि सडक स्तरोन्नती | वडा नं ४ | रु ५० लाख |
| २ | पटारे कुकुरेखोर कृषि सडक स्तरोन्नती | वडा नं १ | रु ८० लाख |

ख. सिद्ध कुमाख गाउँपालिका अन्तर्गत आगामी आव २०८१/८२ का लागि कार्यान्वयन हुने गरी देहायका योजनाहरु कर्णाली प्रदेश सरकार सदस्य माननीय लक्ष्मी सुनार समक्ष सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | योजनाहरुको नाम | कार्यान्वयन हुने वडा | अनुमानित बजेट |
|---|---|---|---|
| १ | शान्ति सुन्दर मावि खार्वन भवन तला थप | वडा नं ४ | रु ४० लाख |
| २ | सिद्धेश्वरी स्वास्थ्यचौकी भवन निर्माण | वडा नं २ | रु १ करोड |

**प्रस्ताव नं ९ विधुत विस्तार योजना सम्बन्धमा।**

**निर्णय नं ९:**

कर्णाली प्रदेश सरकार मार्फत सिद्ध कुमाख गाउँपालिका विद्युत विस्तार शशर्त बजेट तथा कार्यक्रम अनुसार रु ५० लाख बजेट विनियोजन भएले गाउँपालिका सँग विद्युत सम्बन्धी प्राविधिक जनशक्ति नभएकाले विधुत वितरण केन्द्र सल्यानबाट तयार भएको लागत अनुमानका आधारमा कार्य सम्पन्न गर्ने गरी विद्युत वितरण केन्द्र सल्यानको धरौटी खातामा रकम निकासा दिने निर्णय गरियो ।